अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मिति: २०७६।०३।३० गते

प्रेस विज्ञप्ति
विषय: आरोप-पत्र दायर गरिएको ।

घरेलु तथा साना उद्योग विकास समिति, रोल्पाका खरिदार निता शर्माले कार्यालयबाट खरिद भएको सामानको भुक्तानी प्रयोजनको लागि कमिसन बापत सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निज खरिदार निता शर्मालाई सेवाग्राहीसँग रू.७०,०००।— (अक्षरुपी सत्तरी हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज खरिदार निता शर्माले कमिसन बापतको रकम रू.७०,०००।— घुस लिएको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निज निता शर्मालाई बिगो रू.७०,०००।— (अक्षरुपी सत्तरी हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा(१) को देहाय (ग) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता